# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: 1322

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश, नेपाल २०७३

मिति : २०८२/१०/१८

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८२/१०/२० गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

..............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको दीगो आधार

CamScanner

## मिति २०८२/१०/२० गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

२. सङ्घीय समपूरक र विशेष अनुदान आयोजना माग गर्ने सम्वन्धमा ।

३. IEE सम्वन्धमा ।

४. विविध विषयका सम्वन्धमा ।

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२/१०/२० गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री **प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया दर्लामी गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री बुद्धि प्रसाद सुवेदी | लेखा अधिकृत |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज केँडेल | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CS CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१०/२० गतेको आ.व. २०८२/०८३ को नवौं बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१०/२० गतेको आ.व. २०८२/०८३ को नवौं बैठकका निर्णयहरु :

निर्णय नं.१ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा समपूरक अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारवाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८२ माघ मसान्त भित्र राष्ट्रिय योजना आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो।

नेपाल सरकारसँग माग गर्ने योजनाको विवरण :

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यकमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. इल्ली खोला मोटरेवल पूल | २,००,००,०००/- | १ | क्रमागत |
| २. देउराली-चापाभञ्याङ्ग सडक स्तरोन्नति | २,००,००,०००/- | २ | नयाँ |
| ३. मिनामकोट-नगरडाँडा सडक स्तरोन्नति | २,००,००,०००/- | ३ | नयाँ |

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यकमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. १५ शैयाको आधारभूत अस्पताल संचालनार्थ आवश्यक उपकरण खरिद | १,००,००,०००/- | १ | क्रमागत |
| २. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा ICT विस्तार कार्यक्रम | १,००,००,०००/- | २ | नयाँ |
| ३. गाई भैंसी स्रोत केन्द्र स्थापना | १,००,००,०००/- | ३ | नयाँ |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१०/२० गतेको आ.व. २०८२/०८३ को नवौं बैठकका निर्णयहरु :

निर्णय नं. ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बौदीकाली गाउँपालिका क्षेत्र भएर बग्ने बौदी खोला, निरन्दी खोला, चुवादी खोला र इल्दी खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलनको लागि शिट्ला इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि., कावासोती-२, नवलपरासी (ब.सु.पू.) ले पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन अध्ययन गर्दा प्रचलित कानून, नियम तथा मापदण्ड अनुसार उपयुक्त देखिएकोले सो (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापनका शर्त तथा उपायहरू अनिवार्य रूपमा कार्यान्वयन गर्न सम्वन्धित पक्षलाई निर्देशन दिने निर्णय समेत गरियो ।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशको प.सं. ०८२/०८३ च.नं. ४२९ मिति २०८२/१०/१२ गतेको प्रत्र प्राप्त भई व्यहोरा अवगत भयो । गण्डकी प्रदेश सरकारबाट संचालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई स्थानीय तहबाट संचालन हुने रु. १० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने, आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने भनी आएकोमा सोहि अनुसार गर्ने निर्णय गरियो । तर पुरातात्विक महत्वका सम्पदाको संरचना निर्माण, संरक्षण तथा पुनर्निर्माणका आयोजनाहरु आर्थिक मामिला मन्त्रालयबाट सहमति लिई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने भन्ने निर्णय भएकोमा गण्डकी प्रदेश सरकारको मिति २०८२/१०/०४ को निर्णय अनुसार विकट तथा जटिल धरातलीय स्वरूप भएका पहाडी भूभाग र हिमाली क्षेत्रमा एक पटक सूचना प्रकाशन भई ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुन नसकेका र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून वमोजिम उपभोक्य समितिबाट कार्यान्वयन गराउन सकिने आयोजना तथा कार्यक्रम आर्थिक मामिला मन्त्रालयको सहमति लिई उपभोक्य समितिबाट कार्यान्वयन गराउन सकिने निर्णय भएकोले सोहि अनुसार गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली आधारभूत अस्पतालमा औषधीहरु समयमा अनलाइन प्रणालीमा प्रविष्ट नभएको कारण सेवाग्राहीलाई सास्ती भएको भनी जनगुनासो प्राप्त भएकोले जनस्वास्थ्यमा अनुकूल हुने गरी कार्य गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशन दिने निर्णय गरियो ।
- सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंको प.सं. २०८२-०८३ च.नं. ६७९ मिति २०८२/०९/२८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । चालु आर्थिक वर्ष

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१०/२० गतेको आ.व. २०८२/०८३ को नवौं बैठकका निर्णयहरु :

२०८२/०८३ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि व.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८२/०९/२४ को निर्णय अनुसार रु. ५,००,०००/- (पाँच लाख रुपैया) यस गाउँपालिकाको लागि बजेट स्वीकृत भएको जानकारी प्राप्त भयो । ताहाँ बोर्डबाट विनियोजित बजेट र यस गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) तथा सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपूरक कोष (Matching Fund) बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम **"सडक मर्मत कोष"** शिर्षकबाट रु. ३,००,०००/- (तिन लाख रुपैया मात्र) समावेश गरी जम्मा रु. ८,००,०००/- (आठ लाख रुपैया) बराबरको तपसिलको कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

बबक वडा कार्यालयदेखि बौदीकाली गाउँपालिकासम्म मोटरबाटो स्तरोन्नति

- बौदीकाली-२, डेढगाउँमा अवस्थित बौदीकाली आधारभूत अस्पतालले आम नागरिकलाई प्रदान गर्दै आएको स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक औषधी, उपकरण तथा सेवा संचालन खर्चका लागि आर्थिक सहयोग आवश्यक देखिएकोले चालु आर्थिक वर्ष २०८२/०८३ को १५ औं अधिवेशनबाट स्वीकृत बजेट **"बौदीकाली आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन अनुदान"** अन्तर्गत रु. ६,००,०००/- (छ लाख रुपैया मात्र) उक्त अस्पताललाई निकासा दिने निर्णय गरियो ।
- आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरिक्षणमा गौतम डेरी तथा पशुपालन फर्मलाई सम्झौता वमोजिम रु. २५,५००/- (पच्चिस हजार पाँच सय रुपैया) रकम भुक्तान गरिएको वेरुजुका सम्वन्धमा उक्त कार्यक्रम गाउँपालिकाको एक मात्र अकला दुग्ध उत्पादन सहकारी संस्था उद्घाटन कै क्रममा तालिम प्रदान गरिएकोले उल्लेखित खर्च वास्तविक र सरकारी कुनै हानि नोक्सानी नहुने भएकाले लगत कट्टा गर्न सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली आधारभूत अस्पतालको निर्माण ठेक्का सम्वन्धमा आर्थिक वर्ष २०८१/०८२ को मिति २०८१/१२/२७ गतेको गाउँकार्यपालिकाको निर्णय अनुसार असुल उपर गरिएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाडौंको च.नं. १०४४ मिति २०८१/१०/०९ गतेको पत्रानुसार गाउँपालिकाबाट बाँकी रकम भुक्तानी गर्नुपर्ने भनिएकाले उल्लेखित मूल्य समायोजनको रकम पालिका अन्तर्गत वजेटबाट खर्च भएकोमा असुल उपर बेरुजु पालिकाको आन्तरिक खातामा दाखिला भईसकेकोले लगत कट्टा गर्न वेरुजु सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१०/२० गतेको आ.व. २०८२/०८३ को नवौं बैठकका निर्णयहरु :

- भरतपुर आँखा अस्पतालको च.नं. ९०२/०८२/०८३ मिति २०८२/०९/३० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार नेपाल नेत्र ज्योति संघ, भरतपुर आँखा अस्पताल र बौदीकाली गाउँपालिकाको संयुक्त सहकार्यमा संचालित बौदीकाली आँखा उपचार केन्द्र रहेको ठाउँ उपयुक्त नरहेकोले बौदीकाली आधारभूत अस्पतालमा वा वरपर स्थानान्तरण गर्ने निर्णय गरियो । साथै नेपाल नेत्र ज्योति संघ र भरतपुर आँखा अस्पतालसँग सहकार्य गरी यथाशक्य आँखा शिविर संचालन गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँको प.सं. ०८२/०८३ च.नं. ६८५ मिति २०८२/०९/२३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-२, डेढगाउँ निवासी भिमलाल नेपालीको छोरा ओम बहादुर परियार उच्च रक्तचापको बिरामी रहेको कारण हिडडुल गर्न नसक्ने अवस्थामा पुगेको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५०००/- (पन्ध्र हजार रुपैया) **"राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- नेपाल रेडक्रस सोसाइटी, कावासोती उपशाखा, नवलपरासी (ब.सु.पू.) को प.सं. ०८२/०८३ च.नं. ७६ मिति २०८२/०९/०८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । रक्त संचार सेवामा आवश्यक पर्ने रक्त परिक्षण सामाग्री खरिद गर्न अनुदान सहयोग उपलब्ध गराइदिनुहुन भनी पत्र प्राप्त भएकोले **"विभिन्न संघसंस्था सहायता"** शिर्षकबाट रु. ५०,०००/- (पचास हजार रुपैया) सहयोग गर्ने निर्णय गरियो ।
- श्री महाभारत आधारभूत विद्यालय, बौदीकाली-६, माझडाँडाको प.सं. २०८२/०८३ च.नं. १६ मिति २०८२/०९/१६ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार हावाहुरीका कारण विद्यालयको १२ फुटे ६ वटा जस्ता पाता उडाउंदा कक्षाकोठा संचालन गर्न समस्या भएकोले १२ फुटे ६ वटा जस्ता पाता **"निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च"** शिर्षकबाट खरिद गरी विधालयलाई प्रदान गर्ने निर्णय गरियो । साथै बिल भरपाई प्राप्त पश्चात सम्वन्धित व्यवसायीलाई नियमानुसार रकम भुक्तानी दिने समेत निर्णय गरियो ।
- आ.व २०८२/०८३ को वार्षिक स्वीकृत योजना अन्तर्गत **"उखु पेल्ने मिल वितरण कार्यक्रम"** संचालनको लागि मिति २०८२/०९/२५ गते प्रकाशित सुचना बमोजिम श्री सिंहटारी कृषि तथा पशुपन्छी पालन कृषक समुहले पेश गरेको निवेदन उपर स्थलगत रुपमा नै अनुगमन गर्दा उखु पेल्ने मिल र खुदो पकाउने कराई दिन उपयुक्त देखिएकोले १ थान उखु पेल्ने मिल र १ थान खुदो पकाउने कराई वितरण गर्ने भनी निर्णय गरियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३ च.नं. १८१ मिति २०८२/१०/११ गतेको पत्र प्राप्त भई

व्यहोरा अवगत भयो । राष्ट्रिय सतर्कता केन्द्रको च.नं. नीति, १८/९९६ मिति २०८२/१०/०६ गतेको पत्रानुसार प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी, जिल्ला समन्वय समिति तथा को.ले.नि.का. लगायत सङ्घीय सरकारको कार्यक्षेत्र भएका निकायहरुले प्रशासनिक खर्च, इन्धन, सवारी मर्मत लगायतका खर्चका लागि स्थानीय तहमा बिल पठाउने, भुक्तानी माग गर्ने र अधिकारको दुरुपयोग गरी भुक्तानी गर्न बाध्य पार्ने जस्ता कार्य गरी स्थानीय तहबाट अनाधिकृत रुपमा खर्चको व्ययभार थप्ने गरेको भनी राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता भएको उजुरीका सम्बन्धमा उजुरीको विषय सम्बोधन हुने गरी मातहतका निकायमा परिपत्र गर्न राष्ट्रिय सतर्कता केन्द्रको उजुरी व्यवस्थापन समितिको मिति २०८२/०९/२९ गतेको निर्णय अनुसार लेखी आएको हुँदा सो प्रकृतिका खर्चहरु नगर्नु/नगराउनु हुन आदेशानुसार अनुरोध भएकोले सोहि अनुसार गर्ने भनी निर्णय गरियो ।

- बौदीकाली-५, बबक निवासी मानबिर सुनारी मगरको नाती, यम बहादुर सुनारी मगर र हेम माया सुनारी मगरको छोरा खुम बहादुर सुनारी मगरको आ.व. २०८१/०८२ को अध्यक्ष कप खेलकुद प्रतियोगितामा फुटवल खेल्ने क्रममा दाहिने खुट्टा फ्याक्चार भई खुट्टामा स्टिल राखिएको र हाल उक्त स्टिल निकाल्दा खर्च लाग्ने भएको हुँदा **"राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट संलग्न बिल भरपाई प्राप्त पश्चात रु. ३५,०००/- (पैंतीस हजार रुपैया) सहयोग गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवाको प.सं. ०८२/०८३ च.नं. १६७ मिति २०८२/०६/२८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-३, रकुवा रण बहादुर वि.क. को नाती, राम बहादुर वि.क. र शान्ति माया वि.क. को छोरा वर्ष १३ को विवेक वि.क. स्वास्थ्यमा समस्या भई अस्पतालमा उपचाररत रहेको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १०,०००/- (दश हजार रुपैया) **"राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- श्री लक्ष्मी आधारभूत विद्यालय, बौदीकाली-६, ल्हापेमा हावाहुरीका कारण विद्यालयको भवनको छाना सहितको संरचनामा क्षति पुगी कक्षाकोठा संचालन गर्न समस्या भएकोले प्राविधिक लागत अनुमान अनुसार **"निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च"** शिर्षकबाट आवश्यकता अनुसारको सामाग्री खरिद गरी विद्यालयलाई प्रदान गर्ने निर्णय गरियो । साथै बिल भरपाई प्राप्त पश्चात सम्बन्धित व्यवसायीलाई नियमानुसार रकम भुक्तानी दिने समेत निर्णय गरियो ।